बुढीगंगा गाउँपालिका, मोरङ

**स्थानीय राजपत्र**

खण्डः १० संख्याः२    मितिः २०८३ साल ०२ महिना २५ गते

भाग-२

**बढीगंगा गाउँपालिकाको शैक्षिक गुठी दर्ता सम्बन्धी कार्यविधि, २०८२**


## बुढीगंगा गाउँपालिका

नेपालको संविधान र प्रचलित कानून बमोजिम बुढीगंगा गाउँपालिका गाउँकार्यपालिकाले बनाएको तल लेखीए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

<u>सम्वत् २०८३ सालको कार्यविधि नम्बर- २</u>

# बढीगंगा गाउँपालिकाको शैक्षिक गुठी दर्ता सम्बन्धी कार्यविधि, २०८२

कार्यपालिकाबाट स्वीकृत मितिः २०८२/१२/३०

**प्रस्तावनाः**

बुढीगंगा गाउँपालिका अन्तर्गत स्थापना गरिने नयाँ संस्थागत विद्यालयहरुलाई गुठीमा दर्ता गरी कक्षा सञ्चालनका लागि अनुमति प्रदान गर्न वाञ्छनीय भएकोले बुढीगंगा गाउँपालिकाको आधारभूत तथा माध्यामिक शिक्षाको व्यवस्था गर्न बनेको ऐन, २०८० को दफा ४८ बमोजिम बुढीगंगा गाउँपालिकाले यो कार्यविधि तयार गरेको छ।

**१) संक्षिप्त नाम र प्रारम्भ**

क) यस कार्यविधिको नाम "शैक्षिक गुठी दर्ता सम्बन्धी कार्यविधि,२०८२ " रहेको छ।

ख) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि प्रारम्भ हुनेछ।

**२) परिभाषा**

क) “ऐन” भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ लाई बुझ्नुपर्छ ।

ख) “कार्यपालिका” भन्नाले बुढीगंगा गाउँपालिकाको गाउँ कार्यपालिका लाई बुझ्नुपर्छ ।

ग) "गाउँपालिका अध्यक्ष" भन्नाले बुढीगंगा गाउँपालिकाका अध्यक्ष बुझ्नुपर्छ।

घ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले बुढीगंगा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत बुझ्नुपर्छ ।

ङ) "शैक्षिक गुठी" भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनुपर्दछ।

च) "शिक्षा शाखा" भन्नाले बुढीगंगा गाउँपालिकाको शिक्षा शाखा बुझ्नुपर्छ।

**३) शैक्षिक गुठी दर्ता नगरी विद्यालय खोल्न नहुने**

क) यस कार्यविधि बमोजिम बाहेक यस गाउँपालिका भित्र कसैले पनि विद्यालय खोल्न हुँदैन।

ख) बुँदा नम्बर (क) मा जुन सुकै कुरा उल्लेख भए पनि यो कार्यविधि स्वीकृत हुनु पूर्व स्थापना  भएका संस्थागत विद्यालयले कम्पनी वा गुठी दर्ता नगरी विद्यालय सञ्चालन गरेका भए त्यस्ता विद्यालयले समेत यस कार्यविधि बमोजिम गुठीको विधान स्वीकृत गर्नुपर्नेछ ।

**४) शैक्षिक गुठी दर्ता सम्वन्धी व्यवस्था**

क) शैक्षिक गुठी सञ्चालन गर्न गुठी सन्चालक संगठित संस्थाको रुपमा हुनुपर्नेछ।

ख) शैक्षिक गुठी सञ्चालन गर्दा सञ्चालक बोर्डमा सार्वजनिक गुठी भए कम्तीमा ५ जना सदस्य हुनुपर्नेछ।

ग) शैक्षिक गुठी सञ्चालन गर्दा सन्चालक बोर्डमा निजी गुठी भए कम्तीमा ३ जना सदस्य हुनुपर्नेछ।

घ) कुनै सामाजिक ,परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी विद्यालय सञ्चालन गर्न चाहेमा तोकिएको अधिकारीबाट स्वीकृति लिई सार्वजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न सक्नेछ।

ङ) शैक्षिक गुठीको आयव्ययको लेखा तोकिए बमोजिम खडा गरी मान्यता प्राप्त लेखापरीक्षक बाट लेखा परीक्षण गराउनुपर्नेछ।

च) शैक्षिक गुठीको तत्काल कायम रहेका गुठीका सञ्चालकले आफ्नो जीवनकाल मै वा शेष पछि गुठियारको रुपमा काम गर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्नेछ। तर

सार्वजानिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा गाउँपालिकाको स्वीकृति लिनुपर्नेछ ।

छ) शैक्षिक गुठी अन्तर्गत सञ्चालित विद्यालयले अध्यापन गराउनुपर्ने विषय,पालन गर्नुपर्ने शर्त तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

ज) शैक्षिक गुठी निजी र सार्वजनिक गरी दुई किसिमले दर्ता गर्न सकिनेछ।

झ) शैक्षिक गुठी अन्तर्गत सञ्चालित विद्यालय सन्चालन गर्न चाहनेले गुठीयारहरुको निर्णय सहित शैक्षिक गुठी सम्बन्धी विधान बनाई विधानको दुई प्रति र तोकिएको दस्तुर जम्मा गरी गाउँपालिकामा देहायका कुराहरु खुलाई  अनुसूची-१ को ढाँचामा निवेदन दिनुपर्नेछ।

अ) शैक्षिक गुठी नाम र ठेगाना,

आ) विद्यालयको नाम र ठेगाना,

इ) शैक्षिक गुठीका संस्थापकको नाम र ठेगाना, छापको नमुना,

ई) गुठीको उद्देश्य,

उ) शैक्षिक गुठीका गुठियार तथा गुठीयारको मुख्य भई काम गर्ने व्यक्तिको नाम, ठेगाना,नियुक्ति प्रकृया र कार्यकाल,

ऊ) साधारण सभाको व्यवस्था र वैठक सञ्चालन प्रकृया,

ऋ) गुठियारको काम ,कर्तब्य र अधिकार साथै निजहरुले पाउने सुबिधा,

ए) शैक्षिक गुठीमा रहेको घर जग्गा,आम्दानी,ऋण तथा अन्य सम्पत्तिको विवरण,

ऐ) शैक्षिक गुठिको छाप र विद्यालयको छापको नमुना,

ओ) आवश्यक अन्य कुराहरु।

५) शैक्षिक गुठी दर्ताको लागि निवेदन प्राप्त भएपछि सो सम्बन्धमा शिक्षा शाखाले आवश्यक जाँचबुझ गरी गुठी दर्ताका लागि गाउँकार्यपालिकामा पेश गर्नेछ । गाउँकार्यपालिकाले गुठी दर्ता गर्न उचित ठानेमा आवश्यक निर्णय गरी दर्ता प्रमाणपत्र उपलब्ध गराउनेछ। प्रमाणपत्र उपलब्ध गराउने जिम्मेवारी गाउँपालिका अध्यक्ष वा निजले तोकेको पदाधिकारीको हुनेछ।

६) यस कार्यविधि बमोजिम दिइने प्रमाणपत्रको ढाँचा अनूसूची-२ बमोजिमको हुनेछ । नवीकरण र नवीकरण दस्तुर तोकिए बमोजिम हुनेछ।

७) यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भएता पनि देहायका विद्यालयलाई शैक्षिक गुठीको रुपमा सञ्चालन गर्न पाउने अनुमति दिइने छैनः-

क) सहकारी वा सार्वजनिक भवनमा सञ्चालन भएको विद्यालय,

ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाइ सञ्चालन भएको विद्यालय,

ग) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दान दातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाइ सन्चालन भएको विद्यालय।

**८) खारेजी र बचाउ**

क) सङ्घीय वा वा प्रादेशिक व्यवस्थापिकाले निर्माण गरेको कानून विपरीत भएको दफा सोही अनुसार खारेज भई परिमार्जन हुनेछन्।

ख) यसमा व्यवस्था भएको बाहेक अन्य व्यवस्थाहरु प्रचलित ऐन नियमहरु बमोजिम हुनेछन्।

अनुसूची-१
(कार्यविधिको दफा ४ को (झ) सँग सम्बन्धित)
शैक्षिक गुठीदर्ताका लागि दिइने निवेदनको ढाँचा

मितिः

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
बुढीगंगा गाउँ कार्यपालिकाको कार्यालय ,
हात्तिमुडा, मोरङ ।

विषयः शैक्षिक गुठी दर्ता गरिदिने सम्बन्धमा ।

प्रस्तुत विषयमा हामी............... जना गुठियारहरु मिलेर शैक्षिक गुठी स्थापना गरी शैक्षिक क्रियाकलापहरु सञ्चालन गर्ने योजना रहेकोले तपसिलका कागजातहरु सहित गुठी विधान पेश गरेका छौं ।उक्त विधान बमोजिम निजि/सार्वजानिक शैक्षिक गुठी दर्ता गरीदिनु हुन सादर अनुरोध गर्दछौं ।

निवेदकहरु

१.

२.

३.

४.

५.

संलग्न कागजातहरुः

१)शैक्षिक गुठीको विधान -२ प्रति

२) गुठियारहरुको नागरिकताको प्रतिलिपिहरु

३) शैक्षोक गुठी स्थापना गर्ने गुठियारहरुको निर्णयको प्रतिलिपि

अनुसूची -२

कार्यविधिको दफा ६ सँग सम्बन्धित

शैक्षिक गुठी दर्ताको लागि दिइने प्रमाणपत्रको ढाँचा

श्री.............................................

बुढीगंगा गा.पा. ........

तपाईंले शैक्षिक गुठी दर्ता गर्ने सम्बन्धमा मिति ............................ मा दिनु भएको निवेदन उपर कारवाही हुँदा विद्यालय खोल्ने प्रयोजनका लागि शैक्षिक गुठी दर्ता सम्बन्धी कार्यविधि,२०८२ को दफा ६ बमोजिम निजी/सार्वजनिक शैक्षिक गुठी दर्ता गरी विद्यालय सन्चालन गर्न यस गाउँकार्यपालिकाको मिति ......................गतेको बैठकको निर्णयानुसार यो प्रमाण पत्र प्रदान गरिएको छ।

कार्यालयको छाप

अनुमति प्रदान गर्ने अधिकारीको

सहीः

नामः

पदः

मितिः

आज्ञाले
प्रयाश भट्टराई
प्रमुख प्रशासकीय अधिकृत
बुढीगंगा गाउँपालिका